**कोपोमिस प्रणालीमा सहकारी संघ/संस्थाहरुले वार्षिक रुपमा अनिवार्य प्रविष्टी गर्नुपर्ने समष्टिगत विवरण भर्ने तरिका ।**

**पूर्व तयारी:**

- कोपोमीस प्रणाली प्रवेश गर्नका निम्ति आवश्यक लगईन प्राप्त गर्ने । Username र Password नलिएका संघसंस्थाहरुले आ-आफ्नो नियामक वा सहकारी विभागमा सम्पर्क गरि Username र Password लिन सकिनेछ । सहकारी विभागको इमेल sahakaribivag@gmail.com मा संघसंस्थाको नाम, दर्ता नम्बर र आधिकारिक इमेल ठेगाना सहित संस्थाको लेटर प्याडमा पत्र पठाउनुहोला ।
- यस भन्दा पहिलेनै पासवर्ड प्राप्त गरिसक्नुभएको र COPOMIS प्रवेश (लगइन) गर्न असमर्थ हुनुभएमा copomis.gov.np मा गई पासवर्ड भुल्नुभयो भन्ने रातो अक्षरमा लेखीएको लिंक click गरी आफ्नो संस्थाको इमेल ठेगानामा पासवर्ड reset link प्राप्त गर्न सक्नुहुनेछ ।
- कोपोमीसमा रहेको समष्टीगत फाराममा भर्नुपर्ने विवरणहरु पहिचान गरी आफ्नो संस्थाको विवरण संकलन गरि एकिन गर्नुपर्दछ ।

**फाराम भर्ने विधि:**

१. सहकारी संघ संस्थाले पछिल्लो उपलब्ध विवरण अनुसार आर्थिक वर्ष र महिना छान्नुपर्दछ ।

२. सहकारी संघ/बैंक/संस्थाको नाम *, कार्य प्रकृति**, दर्ता मिति **, प्रदेश **, जिल्ला **, न.पा/गा.पा. **, ठेगाना, स्विकृत विनियममा उल्लेख भएको कार्यक्षेत्र, संस्थाको पान नं./भाट नं. र ईमेल ठेगानामा डाटा स्वत: प्रविष्टि भएर आउँछ । उक्त **डाटा समेत रुजु गरी मिलाउनुहोला** ।

३. अंक भर्नुपर्ने सबै ठाउमा **Roman English** (eg, 1 or 2 or any Numeric Value) मा संस्थाको आधिकारिक तथ्याङ्क प्रविष्टी गर्नुपर्दछ ।

४. ** (एस्ट्रीक) चिन्ह लगाएका सबै विवरण अनिवार्य भर्नुपर्ने हुन्छ । उक्त विवरणहरु नभरेमा system ले रातो अक्षरमा message दिनेछ ।

५. फाराममा संख्या/रकम लगायत विवरण अनिवार्य भर्नुपर्ने भनि उल्लेख भएको तर संस्थामा सो विवरण नभएको अंक प्रविष्टी गर्नुपरेमा 0 लेखी अघी बढ्नुहोला ।

६. तोकिएका विवरणहरु भरेपश्चात हरियो रंगमा **सुरक्षित गर्नुहोस** भनि लेखिएको button click गर्नुहोला । सो पश्चात प्रविष्टि भएको समष्टिगत विवरण देख्नुहुनेछ । उक्त विवरण सच्चयाउनुपरेमा **edit data** click गर्न सक्नुहुनेछ । डाटा ठिक भएको एकिन गरि हरियो रंगमा लेखिएको **डाटा लक गरि आबद्धता नं प्राप्त गर्नुहोस** भन्ने button click गरेर कोपोमीस आबद्धता नं प्राप्त गर्नुहोला ।

७. सबै विवरणहरु ठिक, साँचो र शुद्ध तरिकाले भर्नुहोला । तपाईंले प्रविष्टी गरेको तथ्याङ्क काल्पनिक भएको पत्ता लागेमा कानून बमोजिम कारवाही हुनेछ ।

८. COPOMIS System मा समष्टिगत विवरण भर्न प्राविधिक समस्या वा कठिनाई भएमा कार्यालय समयमा निम्न फोन नं. हरुमा सम्पर्क गर्न सक्नुहुनेछ ।

सम्पर्क नं. : **+९७७-१-४४६५३६२, ४४६११७७**

CoPoMIS Unit: **०१४४६५२५१/ ०१४४६५२५२**

२०७५/२/१९

**रजिष्ट्रार**